प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं.०८८-५२०१३०
Email: adosalyan2076@gmail.com

# कृषि विकास कार्यालय, सल्यान

कर्णाली प्रदेश, नेपाल

मितिः २०७७/०२/१३

## मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन निवेदन आव्हानको सुचना !!!

कृषि विकास कार्यालय,सल्यानको आ. ब. ०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषक, कृषक समूह, सहकारी, निजि फर्ममा आवद्द व्यवसायीलाई नगद पुरस्कार सहित सम्मान गर्ने कार्यक्रम रहेको हुँदा, सल्यान जिल्लाका ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, अन्य सहकारी, कृषि फर्म, उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ ।यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन (२०७७/०२/२७ गते भित्र सो दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन) भित्र सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा तपशिल अनुसारका कागजात संलग्न राखी आवेदन पेश गर्नुहुन अनुरोध छ । थप जानकारीका लागि कृषि विकास कार्यालय, सल्यानमा सम्पर्क गर्न सकिनेछ ।

<u>आवश्यक कागजात</u>

१ "मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि, २०७६" को अनुसूची-३ (क) वा अनुसूची -३ (ख) बमोजिमको ढाँचामा भरिएको फारम र निवेदन
२ समूह/सहकारी/निजि फर्मको हकमा सस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
३ सम्वन्धित स्थानीय तह/वडाको सिफारिस पत्र
४ कृषकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
५ सहकारी र निजि फारमको हकमा गत आ. ब. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि
६ सहकारी र निजि फर्मको हकमा गत आ. ब. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि
७ कार्यालयले तोकेको अन्य कागजातहरु

नोटः उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि अनुसूची -४ बमोजिमको न्युनतम मापदण्ड पुगेको र कम्तिमा ३ बर्ष सम्म नेपाल सरकारको अन्य कुनैपनि पुरस्कारबाट सम्मानित नभएको कृषक हुनुपर्नेछ।आवेदन फाराम, मापदण्ड तथा पुरस्कार सम्बन्धि जानकारी, http://molmac.karnali.gov.np/guidelines बाट "मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि, २०७६"डाउनलोड गरि हेर्न सकिने छ ।

२०७७/०२/१३
महेश आचार्य
नि. प्रमुख

## अनुसूचि -४

उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड (तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छीपालन भए पनि हुने)

| क्र.सं. | बाली/वस्तु | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | अन्न, दलहन, तेलहन बाली | १२ रोपनी | |
| २ | तरकारी, पुष्प तथा मसला बाली | ५ रोपनी, प्लाष्टिक हाउस (२५०० बर्ग फिट) | |
| ३ | च्याउ | २० बटा टनेल (१००० बर्ग फिट) | |
| ४ | अलैंची, अदुवा | १० रोपनी | |
| ५ | आँप, ओखर, कटहर, अनार | १०० फल्ने बोट | |
| ६ | लिचि | १२५ फल्ने बोट | |
| ७ | अम्बा, सुन्तला, जुनार, स्याउ, नास्पाती, आरुबखडा | १५० फल्ने बोट | |
| ८ | स्ट्रबेरी | ४ रोपनी | |
| ९ | किवी, कफी | ८ रोपनी | |
| १० | केरा | १० कट्ठा | |
| ११ | चिया | ५ रोपनी | |
| १२ | ऊखु | १५ कट्ठा | |
| १३ | मौरीपालन | १०० आधुनिक घार | |
| १४ | माछापालन | ५ रोपनी | |
| १५ | भेडा बाख्रा | १०० माउ | |
| १६ | बंगुर सुंगुर | ३० माउ | |
| १७ | गाई भैंसी | १५ उन्नत माउ | |
| १८ | कुखुरा | ३००० बटा | |
| १९ | हाँस | १५०० बटा | |
| २० | घाँसखेती | १० रोपनी | |
| २१ | खाद्यान्न बीउ वृद्धि | ८ रोपनी | |
| २२ | तरकारी बीउ वृद्धि | ५ रोपनी | |
| २३ | रैथाने बाली | ७ रोपनी | |

नोटः कम्तिमा ३ वर्षसम्म नेपाल सरकारको अन्य कुनै पनि पुरस्कारबाट सम्मानित नभएको कृषक